# नेपाल पत्रकार महासंघ
# Federation of Nepali Journalists (FNJ)
केन्द्रीय समिति, सञ्चारग्राम, काठमाडौं, नेपाल


मिति : २०८२/०५/२३

## प्रेस विज्ञप्ति

भ्रष्टाचार, वेथिति र सामाजिक सञ्जाल बन्दको विरोधमा जेनजीले गरेको प्रदर्शनको समाचार संकलनमा खटिएका बेला प्रहरीले चलाएको गोली लागेर चार जना पत्रकार घाइते भएको र एक सञ्चारगृहको भवनमा आन्दोलनकारीले ढुंगामुढा गरेको घटनाप्रति नेपाल पत्रकार महासंघ निन्दा र भर्त्सना गर्दछ । महासंघले सामाजिक सञ्जाल नियन्त्रणबाट प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतामा अंकुश लाग्ने भएकाले तत्काल निर्णय फिर्ता लिन सरकार समक्ष माग राखेको थियो । सरकारले महासंघ लगायतका सरोकारवाला पक्षको आवाज नसुनेका कारण पछिल्लो परिस्थिति निर्माण हुन पुगेको देखिन्छ ।

महासंघमा हालसम्म प्राप्त जानकारी अनुसार प्रेससंग जोडिएका देहायका घटना भएका छन ।

**घाइते**

१. श्याम श्रेष्ठ-कान्तिपुर टेलिभिजन

२. दीपेन्द्र ढुंगाना-नयाँ पत्रिका दैनिक

३. शम्भु दंगाल- स्वतन्त्र पत्रकार

४. उमेश कार्की-नेपाल प्रेस

**तोडफोड**

५. थाहा खबरको कार्यालयमा ढुंगा प्रहार ।

घाइते पत्रकारहरुको काठमाडौंको विभिन्न अस्पतालमा उपचार भइरहेको छ । नयाँ बानेश्वरमा सोमबार भएको प्रदर्शनका क्रममा निषेधित क्षेत्र तोड्दै आन्दोलनकारी संघीय संसद भवन प्रवेश गर्न खोजेपछि प्रहरीले अत्याधिक बल प्रयोग गरी गोली चलाएको थियो । सोही क्रममा पत्रकारसहित आन्दोलनकारीलाई गोली लागेको थियो । प्रहरीको गोली लागेर कतिपय प्रदर्शनकारीको मृत्यु भएको छ भने पत्रकारका साथै धेरै जना आन्दोलनकारी घाइते भएका छन् ।

महासंघ आन्दोलनको क्रममा ज्यान गुमाउने प्रर्दशनकारीको आत्माको चिरशान्तीको कामना गर्दै शोक सन्तप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दछ । मृतकका परिवारलाई उचित क्षतिपूर्तिका साथै दमनमा संलग्नहरुलाई कारबाहीको माग गर्दछ । महासंघ पत्रकारसहित घाइते सबैको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछ र सबैको निशुल्क उपचारको प्रबन्ध मिलाउन सरकारसँग आग्रह गर्दछ ।

शान्तिपूर्ण प्रदर्शन गर्न पाउने नागरिकको नैसर्गिक अधिकार हो । यद्यपी प्रहरीले दमन गर्दा विकसित घट्नाक्रमप्रति महासंघ सरोकार राख्दछ र चरम दमनको भर्त्सना गर्दछ । अत: प्रदर्शनकारीलाई शान्तिपूर्ण प्रदर्शनमार्फत आफ्ना माग राख्न, सरकारलाई दमनकारी नीति नलिन र वार्तामार्फत समस्याको समाधान खोज्न महासंघ अपिल गर्दछ । दुबै पक्षलाई संयमित, मर्यादित र जिम्मेवार भई प्रेसमैत्री हुन आग्रह गरिन्छ । र, सामाजिक सञ्जालमाथिको नियन्त्रण हटाई प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको सम्मान गर्न र आन्दोलनलाई हिंसक बन्न नदिन महासंघ सरकारसँग पुन: माग गर्दछ ।

**रामप्रसाद दाहाल**
**महासचिव**


Headquarters, Media Village, Kathmandu, Nepal
Phone: +977-1-5918673/5918763, Fax: +977-1-5914785, Email fnjnepalcentral@gmail.com, URL: www.fnjnepal.org